# आर्थिक वर्ष ०७९/८० को बजेट वक्तव्य

**नगरसभाका श्रदेय अध्यक्ष ज्यु**

नगरसभाका सम्पूर्ण सदस्य ज्युहरु,

राष्ट्रसेवक कर्मचारी सञ्चारकर्मी तथा उपस्थित अन्य महानुभावहरु ।

संघीय शासन व्यवस्था अवलम्वन गरेसंगै स्थानीय तहको दोस्रो निर्वाचन सफल रुपमा सम्पन्न भई गल्कोट नगरपालिकाको प्रतिनिधिको रुपमा हामी निर्वाचित भएका छौं। सर्वप्रथम हामीलाई निर्वाचित गर्ने आम नगरवासी मतदाताहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । आम नगरवासीहरुको अभिमतलाई कदर गर्दै न्यायपुर्ण र समृद्ध नगर निर्माण अभियानमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । गल्कोट नगरपालिका नगरसभाको गरिमामय यस एघारौं अधिवेशनमा आगामी आर्थिक वर्ष ०७९/८० को बजेट गर्न गईरहेको छु । यस अवसरमा मुलुकको सार्वभौमिकता अखण्डता राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवम स्थानीय स्वायत्त सरकार गठन गर्नका लागि इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरु तथा निरंकुशताका विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगत नेताहरु प्रति भावपुर्ण श्रदान्जली प्रकट गर्दछु ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ नेपालको दिगो विकासको लक्ष्य पन्धौं योजना गल्कोट नगरपालिकाको आवधिक विकास योजना आम नागरिकका माग र आकांक्षा र नागरिकसामु गरिएका प्रतिबद्धता र नीति तथा कार्यक्रमलाई आधार मानी तर्जुमा गरिएको छ ।सीमित स्रोत साधनबाट अधिकतम र मितव्ययी परिचालन गरी न्यायपुर्ण वितरण गर्न आम नागरिक राजनितिक दल निजी क्षेत्र शिक्षा कृषि क्षेत्रका विज्ञ पत्रकार पिछडिएका एवं सीमान्तकृत वर्गसहित सबै सरोकारवालाको प्राप्त सुझावहरुलाई समेत आधार लिएको छु ।नगर प्रमुखज्युबाट प्रस्तुत भई पारित भएका नीति तथा कार्यक्रमलाई आधार बनाई सहभागितामुलक ढंगबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अधिकतम प्रयास गरिएको छ । यस बजेट तथा कार्यक्रमको कार्यान्वनबाट नगरपालिकाले परिलक्षित गरेका उद्धेश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न समेत टेवा पुग्ने विश्वास लिएको छु । सर्वप्रथम बजेट तथा कार्यक्रमका उद्धेश्य र प्राथमिकताहरुलाई
प्रस्तुत गर्न चाहन्छु ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय**

आगामी आर्थिक वर्ष ०७९/८० को कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभन्दा पहिले गत आ.व.०७७/७८ को यथार्थ आय व्यय एवं चालु आ.व.०७८/७९ को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०७७/७८ मा यथार्थ आय**

आन्तरिक आय तर्फ रु.१ करोड ९२ लाख ४३ सहजार ७ सय बहत्तर पैसा सैतीस

संघीय सरकार राजस्व बांडफांडबाट प्राप्त रु. ८ करोड ११ लाख ७७ हजार ७ सय उनन्साठी र पैसा बैसठ्ठी ।

प्रेदश सरकार राजस्व बांडफांडबाट रु. ६८ लाख ९० हजार छ सय सन्ताउन्न त्यस्तै गरी संघीय सरकार समानीकरण अनुदानबाट रु. ११ करोड ५२ लाख

सशर्त अनुदान बाट रु. ३४ करोड ७५ लाख ३१ हजार नौसय त्रिहत्तर र पैसा सत्तरी

प्रदेश सरकार समानीकरण अनुदानबाट रु.१ करोड २३ लाख १० हजार )

र सशर्त अनुदान बाट रु. २५ लाख र नेपाल सरकार समपुरक अनुदान तर्फ २५ लाख ३९ हजार नेपाल सरकार विशेष अनुदान ९२ लाख ९० हजार गरी कुल जम्मा आय ५९ करोड ९६ लाख ८३ हजार एकसय बैसठ्ठी र पैसा अरसठ्ठी मात्र यथार्थ आय भएको छ ।

**आर्थिक वर्ष २०७७/७८ को यथार्थ व्यय**

क्षेत्रगत विनियोजका आधारमा चालु खर्च रु.३७ करोड ८ लाख ८७ हजार छसय उनानब्बे र पैसा नब्बे मात्र ) पुंजीगत खर्च १७ करोड ५८ लाख २ हजार दुईसय पैचालीस गरी कुल रु. ५४ करोड ६६ लाख ८९ हजार नौसय र पैसा बीस खर्च भई रु.२ करोड ४ लाख ८४ हजार चारसय बाउन्न र पैसा अठासी मात्र ससर्त अनुदान फिर्ता भई ३ करोड २५ लाख ८ हजार सातसय चौहत्तर र पैसा साठी मात्र ) चालु आर्थिक वर्ष ०७८/७९ मा जिम्मेवारी सरी आएको छ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

**अव म चालु आर्थिक वर्ष ०७८/७९ को संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

आन्तरिक आय कर दस्तुर राजस्व गत वर्षको मौज्दात समेत तर्फ रु. ५ करोड ३५ लाख ८ हजार सातसय चौहत्तर र पैसा साठी मात्र )

संघिय सरकार राजस्व बांडफांडबाट प्राप्त रु.९ करोड २२ लाख ५०हजार,

समानीकरण अनुदान रु. १२ करोड २५ लाख , सशर्त अनुदान ३७ करोड ३६ लाख ७१ हजार चारसय र पैसा पांच मात्र ) र विशेष अनुदान रु. २ करोड ४९ लाख )

त्यस्तै गरी प्रदेश सरकार राजस्व बांडफांडबाट प्राप्त हुने रु. ८० लाख ९९ हजार, समानीकरण अनुदान रु. १ करोड ४२ लाख २२ हजार र सशर्त अनुदान रु.५० लाख र समपुरक अनुदान ५० लाख गरी कुल आय ७० करोड ६८ लाख ७१ हजार सातसय चौहत्तर र पैसा साठी हुने सोही बमोजिमका विभिन्न शिर्षकगत व्यय अनुमान गरिएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७९/८० को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई प्रविधिमा आधारित प्रणालीमा विकास गरी व्यवसायिक कृषि तथा पशुपालनमा रुपान्तरण गर्ने,
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समुन्नत एवम् समृद्ध नगर निर्माण गर्दै जाने,
- स्थानीय सीप र उत्पादनको प्रवर्द्धन, साना तथा घरेलु उद्योगको प्रवर्द्धनमार्फत आर्थिक समुन्नति हासिल गर्ने,
- नगरको सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवम् भ्रष्टाचारमुक्त बनाई वास्तविकरुपमा जनतालाई सुशासनको अनुभूति दिलाउने ।
- रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्न उद्यमशिल रोजगार सिर्जना, सीप विकास गर्ने ।
- गुणस्तरीय र शिक्षामा समतामूलक पहुँच विस्तारका लागि प्रारम्भिक बालविकास केन्द्रको विस्तार, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइका लागि पूर्वाधार तयार ।
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास, निर्माण तथा सम्भार,
- नगरपालिका भवन निर्माणको कार्यको शुरुवात गर्ने ।
- पर्यटन पूर्वाधारको विकास र प्रर्वद्धन गर्ने ।

**सभाका श्रदेय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७९/८० का लागि अनुमानित आयका आधारमा नगरको समग्र लगानीलाई आर्थिक विकास सामाजिक विकास पुर्वाधार विकास सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र कार्यालय संचालन तथा प्रशासनिक प्रधानमन्त्री रोजगार कार्यक्रम समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा अगामी आर्थिक वर्षका लागी अनुमानित आय व्ययको विवरण संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फ,**

संघिय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु १३०९००००० (तेह्रकरोड नौलाख ) संघीय सरकार राजस्व बांडफाडबाट प्राप्त हुने रकम रु. १११७५०००० ( एघारकरोड सत्रलाख पचहत्तरहजार )सशर्त अनुदान बाट रु. ३७०२०००००।०० सैत्तीसकरोड दुईलाख) विशेष अनुदान बापत रु.५००००००।०० (पचासलाख ) समपुरक अनुदान ४० लाख गरी कुल जम्मा रु.६२ करोड १८ लाख ५० हजार अनुमान गरिएको छ ।

प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु. १ करोड ५० लाख ६९ हजार (राजस्व बांडफांडबाट रु.९७ लाख २० हजार ,समपुरक अनुदान रु.५० लाख र सशर्त अनुदान रु.५० लाख गरी कुल जम्मा रु. ३ करोड ४७ लाख उनानब्बेहजार मात्र अनुमान गरिएको छ

आन्तरिक आय स्थानीय कर ,दस्तुर र सेवा शुल्क समेत गरी १ करोड ९५ लाख र विविध आय गत वर्षको बैंक मौज्दात समेत रु. १ करोड ९ लाख गरी जम्मा रु.३ करोड ४ लाख र नगद जनसहभागिता रु.५ लाख  गरी कुल आय रु.६८ करोड ७५ लाख ३९ हजार अनुमान प्रस्ताव गरिएको छ । समग्र आयको विवरण अनुसुची १ मा संलग्न गरिएको छ ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्ष ०७९/८० को लागि अनुमानित आय रु.६८ करोड ७५ लाख ३९ हजार मध्ये बाट अनुमानित व्ययको विवरण प्रस्तुत गर्दछु ।

- कुल व्यय मध्ये चालु खर्च तर्फ ४१ करोड ८७ लाख ८० हजार (६०.९१ प्रतिशत) र पुंजीगत तर्फ २६ करोड ८७ लाख ५८ हजार (३९.०९ प्रतिशत) विनियोजन गरिएको छ ।
- नगरपालिकाको कृषि बाली तथा बागवानी विकास मा रु.६६ लाख ५० हजार लाख, पशु पंक्षी विकास कार्यक्रममा  रु.५९ लाख र संघीय सरकार सशर्त तर्फ कृषि तथा पशु विकासमा रु. १ करोड ५ लाख गरी जम्मा रु.२ करोड ३० लाख ५० हजार विनियोजन गरेको छु ।
- सहकारी संस्थाहरुको प्रवर्द्धन गरी नगरपालिकामा आर्थिक विकासमा सहयोगको लागि सात लाख पचास हज र विनियोजन गरेको छु ।
- पर्यटन प्रवर्द्धन कार्यक्रम टेउवा मुर्तिकला संग्रहालय तथा घुम्टेसम्म सडक पहुंच आयोजनाको लागि नेपाल सरकरको साझेदारीमा सचालन गर्न रु.७५ लाख विनियोजन गरी पर्यटन गुरुयोजना निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- उधम विकास तथा रोजगार प्रवर्द्धनका लागि  रु. २६ लाख विनियोजन गरेको छु ।
- सुरक्षित अप्रवासन परियोजना सामीको लागि २५ लाख विनियोन गरेको छु ।
- झोलुंगे पुल क्षेत्रगत विकास कार्यक्रम मा झोलुंगे पुल निर्माण गर्न रु.४० लाख विनियोजन गरिएको छ।
- सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरी सुरक्षित भवन निर्माण अभियान संचालन गर्न रु.४९ लाख विनियोजन गरेको छु ।
- श्रम तथा रोजगारी तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम र पंजीकरण सेवा प्रभावकारीताको लागि रु.९३ लाख विनियोजन गरेको छु ।
- लघु उधम विकास कार्यक्रमको लागि रु.३० लाख विनियोजन गरेको छु ।
- सार्वजनिक निजी साझेदारीमा गल्कोट नगरपालिकाको फोहोर व्यवस्थापन गर्नको लागि रु.२० लाख बजेट विनियोजन गरेको छु ।
- युवा तथा खेलकुद विकास कार्यक्रमको लागि रु.२४ लाख ५० हजार  बिनियोजन गरेको छु ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण महिला, जनजाति, दलित र अपांगहरुको लक्षित कार्यक्रम तथा वालमैत्री स्थानीय शासन नगर घोषणाका लागि रु. १ करोड १० लाख बजेट विनियोजन गरेको छु
- महिलाहरुलाई आत्मनिर्भर गराउन नगर उप-प्रमुख विकास कार्यक्रम संचालनको व्यावस्था मिलाएको छु
- अन्तरजातीय विवाह गरी पारिवारिक बहिष्करणमा परेका जोडीहरुलाई संरक्षण गर्न बजेट विनियोजन गरेको छु ।
- ज्येष्ठ नागिरकहरुको सम्मानको लागि विशेष भत्ता बापत रु.८ लाख विनियोजन गरेको छु ।
- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम विधार्थीसंग नगर प्रमुख र उपप्रमुख जस्ता अभियान संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।
- नगर शिक्षा कार्यक्रम संचालन गर्न रु.२ करोड १० लाख ४२ हजार र सशर्त अनुदानतर्फ रु. २५ करोड ९५ लाख गरी जम्मा रु.२८ करोड ५ लाख ४२ हजार विनियोजन गरेको छु ।
- नगरको स्वास्थ्य तथा सरसफाई कार्यक्रमको लागि रु.९९ लाख ५० हजार र संघीय सरकार सशर्त अनुदान तर्फ रु. ७ करोड १० लाख गरी जम्मा रु.८ करोड ९ लाख ५० हजार विनियोजन गरेको छु ।
- गल्कोट नगर अस्पतालको विकास गरी सेवा प्रवाहमा सुधार गर्न रु.२१ लाख बजेट विनियोजन गरेको छु
- गल्कोट आंखा उपचार केन्द्र संचालनको लागि बजेटको व्यवस्था गरेको छु ।
- गर्भवती महिलाको स्वास्थ्य र पोषणमा सुधार तथा नवशिषुको पोषणको सुनिश्चित गर्न नगर प्रमुख मातृ तथा शिशु पोषण भत्ता कार्यक्रम र रिफरल भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- विभिन्न सामुदायिक संस्था र मानव सेवा आश्रमको लागि बजेटको व्यवस्था गरेको छु ।
- गल्कोट कला संस्कति र साहित्यको संरक्षण विकास तथा गल्कोटका प्रतिभावान नागरिकहरुको सम्मानको लागि रु.८ लाख बजेट वनियोजन गरेको छु ।
- गल्कोट नगरपालिकाको प्रसाशकीय भवन निर्माणका लागि रु.२ करोड विनियोजन गरेको छु ।
- वस्ती तथा टोल स्तरबाट प्राथमिकीकरण गरी वडा समिति बाट, वडा मार्फत विषयगत रुपमा संचालन हुने कार्यक्रमको लागि रु.५ करोड ५० लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्रका सडक बाह्रैमहिना नियमित संचालनको लागि मर्मत संभार गर्न रु.३० लाख विनियोजन गरेको छु ।
- संघीय सरकार विशेष अनुदानमा लैगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्न रु.५० लाख विनियोजन गरिएको छ ।

- संघ तथा प्रदेश सरकारको सहलगानीमा आयोजना तथा कार्यक्रम संचालनको लागि समपुरक कोषको लागि रु.२० लाख विनियोजन गरेको छु ।
- विभिन्न सम्भावित आयोजनाहरुको डि.पि.आर. गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- डांडाखेत देखी ४ नं.वडाकार्यालय सम्म जाने सडक कालोपत्रे सम्पन्न गर्नका लागि रु.२५ लाख बजेट विनियोजन गरेको छु ।
- नगरपालिकाको समग्र सेवा प्रवाहमा सुधार गरी प्रभावकारीता बृद्धि गर्न सार्वजनिक सुनुवाई, बजार अनुगमन र सेवा सुधार गर्न रु.४० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- विपदको पुर्व तयारी रोकथाम तथा पुन स्थापना तथा आपतकालीन कार्य संचालन गर्न र राहतको लागि रु. ३२ लाख बजेट विनियोजन गरेको छु ।
- विपन्न परिवारहरुको स्वास्थ्य सेवामा पहुंच वृद्धि गर्न र स्वास्थ्य सेवाको सुनिश्चितता प्रदान गर्न विपन्न नागरिकहरुको परिवारको लागि स्वास्थ्य विमा गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- वडा नं.७ को मल्म स्वास्थ्य चौकी भवन निर्माणको लागि समपुरक अनुदानमा ६५ लाख विनियोजन गरेको छु
- वडा नं.१ को स्वास्थ्य चौकीको भवन निर्माणको लागि जग्गा प्राप्ति गर्न रु.३० लाख विनियोजन गरेको छु ।
- नरेठांती ग्रामीण सडक मर्मत तथा स्तरबृद्धिको लागि रु.२५ लाख विनियोजन गरेको छु
- ३ नं.वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति गर्न रु.३५ लाख विनियोजन गरेको छु ।
- गल्कोटको मुख्य मुख्य बजारहरुमा सडक बत्ती र सिसि क्यामेरा जडानको लागि रु.१० लाख विनियोजन गरेको छु ।
- छहरेखोला कोटमैदान बराहथान लिफ्टिङ खानेपानी आयोजना वडा नं.३ का लागि रु.४० लाख र सिद्धथान खानेपानी वडा नं.१० को लागि रु.१५ लाख विनियोजन गरिएको छ।
- भैंसे गेट देखी मानडांडा सर्दाखेत मोटरबाटो पक्की नाली निर्माणका लागि रु.२५ लाख विनियोजन गरेको छु
- नौबिसे-जमुनडांडा-पैंयुडांडा-ढलेपिपल मोटरबाटो ढलानका लागि रु.२५ लाख विनियोनज गरेको छु ।
- चालिसेटोला ज्यामिरे मोटरबाटो निर्माणका लागि रु.१२ लाख विनियोजन गरेको छु
- जरिखेट पिपलडांडा डडविसे सडक निर्माणका लागि १८ लाख विनियोजन गरेको छु
- लोप बरेखानी गोलडांडा मोटरबाटो स्तरोन्नतिका लागि रु .१२ लाख विनियोजन गरेको छु ।

- मोटरबाटो मर्मत सुधार रमुवाका लागि लागि रु. १५ लाख विनियोजन गरेको छु
- ढुंगिल मोटरबाटो  निर्माणका लागि रु.१२ लाख विनियोजन गरेको छु ।
- गोठलाङ मोटरबाटो निर्माणको लागि रु.३० लाख विनियोज गरेको छु ।
- प्रदेश सरकारको समपुरक अनुदानमा वडा नं.९ देखी ११ रिघा वडा कार्यालय सम्म सडक स्तरोन्नतिको लागि रु.५० लाख विनियोजन गरिएको छ ।
- प्रदेश सरकारको ससर्त अनुदानमा रगेनी तोरीखोला थान सम्म सडक स्तरोन्नतिको लागि रु.५० लाख विनियोजन गरिएको छ ।
- व्यावसाय नवीकरण गर्न छुटेका व्यवसायीहरुलाई भाद्र मसान्तसम्म नवीकरण गर्दा कुनै दण्ड जरिवाना नलाग्ने तथा सीमान्तकृत समुदायका नागरिकहरुलाई आर्थिक ऐन बमोजिम कर छुट तथा सहुलियतको व्यवस्था मिलाएको छु ।
- आर्थिक वर्ष ०७९/८० का लागि आन्तरिक राजस्वतर्फ अनुमान गरिएको लक्ष्य  प्राप्तिका लागि विभिन्न कर तथा गैरकर राजस्व छल्ने प्रवित्तिलाई निरुत्साहित गरी स्थलगत अनुमगन तथा प्रत्यक्ष अनुगमन गरिनेछ ।

**सम्मानित सभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०७९/८० को वार्षिक नीति तथा कार्यक्रमले निर्देशित गरे बमोजिम यस बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयत्न गरिएको छ । सीमित श्रोत र साधनबाट दिगो र ठोस उपलब्धि हासिल होस भन्ने उद्धेश्यले आवश्यक्ताका आधारमा रकम विनियोजन गर्ने प्रायास गरिएको छ । आयोजना तर्जुमा मात्र महत्वपुर्ण विषय होईन यसको लक्ष्य एवं उद्धेश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा यथार्थ उपलब्धिको नजिक पुग्न सक्नु महत्वपुर्ण हुन्छ । यस बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण नगरबासीहरुको सकारात्मक सहयोग, सल्लाह सुझाव एवं सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विस्वास लिएको छु ।

अन्त्यमा गल्कोट नगरपालिकाको  दोस्रो निर्वाचनबाट निर्बाचित भइ बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन दिने नगर प्रमुख ज्यु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरु, कार्यपालिका सदस्यज्युहरु, नगर सभा सदस्यज्युहरु, विषयगत समितका संयोजक तथा सदस्यज्युहरु,  प्रमुख प्रशासकीय अधिकृत,लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा पनि सोही अनुसारको सल्लाह, सुझाव एवं सहयोगको समेत अपेक्षा व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

फमलाल निउरे
नगर उप प्रमुख

गल्कोट नगरपालिका बागलुङ

मिति २०७९/०३/१०